कर्णाली प्रदेशको पहिलो राष्ट्रिय दैनिक
# युगआह्वान
yugnews.com
निष्पक्षता, निर्भिकता, निरन्तरता...
वर्ष: २६ | अंक: ९७ | वि.सं. २०८३ साउन ४ सोमवार | नेपाल संवत्: ११४५, आषाढ शुक्ल षष्ठी | Monday 20 July 2026 | yugaawhan@gmail .com | पृष्ठ: ४ | मूल्य: ५ ।-

# सुर्खेतमा बढ्दै जघन्य अपराधको ग्राफ

**प्रहरीको त्रिवर्षीय तथ्यांकलाई केलाउने हो भने १० वर्ष भन्दाबढी सजाय हुने अपराधको ग्राफ बढ्दै गएको देखिन्छ । प्रहरीको तथ्यांक अनुसार आर्थिक वर्ष २०८०/०८१ को तुलनामा २०८१/०८२ मा ०.१४ र आर्थिक वर्ष २०८१/०८२ को तुलनामा गत आर्थिक वर्ष २०८२/०८३ मा १.१५ प्रतिशतले अपराध बढेको देखिन्छ ।**

> “ आर्थिक वर्ष २०८०/०८१ मा ८५ वटा जबरजस्ती करणी सम्बन्धिका मुद्दा प्रहरीकहाँ दर्ता भएका छन् ।



**ओम शाही**
**सुर्खेत, ३ असार ।**

सुर्खेतमा जघन्य अपराधसँगै साइबर अपराध पनि तीव्र रूपमा बढ्दै गएको पाइएको छ । जिल्ला प्रहरी कार्यालयको त्रिवर्षीय तथ्यांकअनुसार जबरजस्ती करणी, लागूऔषध, बैंकिङ कसुर, ठगी र विद्युतीय माध्यमबाट हुने अपराधमा वृद्धि देखिएको छ । प्रहरीको त्रिवर्षीय तथ्यांकलाई केलाउने हो भने १० वर्ष भन्दाबढी सजाय हुने अपराधको ग्राफ बढ्दै गएको देखिन्छ ।

जिल्ला प्रहरी कार्यालय सुर्खेतका प्रमुख प्रहरी उपरीक्षक ठाकुरप्रसाद पोखरेलले आर्थिक वर्ष २०८०/०८१ को तुलनामा २०८१/०८२ मा ०.१४ प्रतिशतले अपराध बढेको बताए । उनका अनुसार आर्थिक वर्ष २०८१/०८२ को तुलनामा गत आर्थिक वर्ष २०८२/०८३ मा १.१५ प्रतिशतले अपराध बढेको छ ।

प्रहरीको तथ्यांक अनुसार जिल्लाभर तीन आर्थिक वर्षको अवधिमा दुई हजार तीन सय तीन जघन्य अपराधका मुद्दा दर्ता भएका छन् । जसमा आर्थिक वर्ष २०८०/०८१ मा आठ सय ३०, आर्थिक वर्ष २०८१/०८२ मा आठ सय २४ र गत आर्थिक वर्ष २०८२/०८३ मा नौ सय ४९ जघन्य अपराध सम्बन्धिका मुद्दा प्रहरी कहाँ आइपुगेका छन् ।

यी मुद्दा जिल्ला प्रहरी कार्यालय सुर्खेत, इलाका प्रहरी कार्यालय छिन्चु र इलाका प्रहरी कार्यालय बाबियाचौरमा दर्ता भएका हुन् । तीन आर्थिक वर्षको अवधिमा अपराधिक कार्यमा संलग्न भएको आरोपमा पाँच सय ४६ जना पक्राउ परेका छन् भने ६ सय ६४ जना फरार छन् ।

प्रहरीको तथ्यांकलाई केलाउने हो भने सुर्खेतमा वर्षेनी जबरजस्ती करणी सम्बन्धिका अपराध बढ्दै गएको देखिन्छ । जबरजस्ती करणीपछि ज्यान मार्ने उद्योग सम्बन्धिका अपराध भएको देखिन्छ । आर्थिक वर्ष २०८०/०८१ मा ८५ वटा जबरजस्ती करणी सम्बन्धिका मुद्दा प्रहरीकहाँ दर्ता भएका छन् । यस्तै, आर्थिक वर्ष २०८१/०८२ मा ६८ र गत आर्थिक वर्ष २०८२/०८३ मा ९१ वटा जबरजस्ती करणी सम्बन्धिका मुद्दा दर्ता भएका छन् ।

यस्तै, आर्थिक वर्ष २०८०/०८१ मा २१ वटा ज्यान मार्ने उद्योग सम्बन्धि अपराधमा प्रहरीले मुद्दा चलाएको छ । आर्थिक वर्ष २०८१/०८२ मा १६ र गत आर्थिक वर्षमा २२ वटा ज्यान मार्ने उद्योग सम्बन्धिका मुद्दा दर्ता भएको प्रहरीको तथ्यांक छ । प्रहरी प्रमुख पोखरेलले कतिपय अवस्थामा नजानेर कानुनको उल्लंघन भइरहेपनि प्रहरीमा दर्ता भएका अधिकांश मुद्दामा देखासिकी र अपराधिक मानसकिता जोडिएको बताए ।

प्रहरीले कानुन कार्यान्वयनको पाटोमा सचेतनाका कार्यक्रमलाई पनिँसगै लगेको उनले बताए । तर, अभ्कै पनि नागरिकमा कानुनी साक्षरताको

बाँकी ३ पेजमा

## लागुऔषध र आर्थिक अपराधमा बृद्धि

सुर्खेतमा पछिल्ला तीन आर्थिक वर्षको तथ्यांकले संगठित तथा आर्थिक अपराधका घटना बढ्दै गएका छन् । यस अवधिमा संगठिन तथा आर्थिक अपराध सम्बन्धिका ९१ मुद्दा दर्ता भएका छन् । जसमा ठगी सम्बन्धिका मुद्दा धेरै छन् ।

गत वर्ष दर्ता भएका नौ सय ४९ मुद्दा मध्ये बैंकिङ कसुर सम्बन्धिका मात्रै एक सय ६६ मुद्दा छन् । बैंकिङ कुसरपछि दोस्रोमा लागुऔषध सम्बन्धिका मुद्दा बढी छन् । गत वर्ष प्रहरीले एक सय ५८ लागुऔषध सम्बन्धिका मुद्दा चलाएको छ ।

त्यस्तै, अपराधिक लाभमा ११, अभद्र व्यवहारमा ८३, कर्तव्य ज्यान कसुरमा नौ र चोरी सम्बन्धिका ३९ मुद्दा जिल्ला प्रहरी कार्यालय सुर्खेतमा दर्ता भएका छन् । नकबजनी चोरी दुई, जबरजस्ती करणी ९१, ज्यान मार्ने उद्योग २२, ज्यान सम्बन्धी कसुर (झुण्डिएर मृत्यु) ९४, ठगी १८, बहुविवाह २४, भवितव्य ज्यान सम्बन्धि ५२, सवारी ज्यान सम्बन्धि ३१, सवारी भवितव्य ६, सवारी अंगभंग सम्बन्धि अपराधका पाँच मुद्दा दर्ता भएका छन् ।

गत वर्ष राष्ट्रसेवक कर्मचारीलाई बाधा पुऱ्याउने एक जनामाथि पनि मुद्दा चलेको छ । यस्तै, पशुपन्छी सम्बन्धी कसुर एक, बोक्सी सम्बन्धीको कसुर एक, जुवा आठ, जबरजस्ती करणी उद्योग १२, डाँका चोरीमा चार, नागरिकता ऐन सम्बन्धी कसुर दुई, फुटकर ज्यान ४५, बालयौन दुरुपयोग पाँच, आत्महत्या दुरुत्साहन १०, लिखत सम्बन्धी कसुर १२ र विषादी सेवन सम्बन्धिका १३ मुद्दा दर्ता भएका छन् ।

गत वर्ष व्यक्ति बेपत्ता सम्बन्धि दुई, अपराधिक उपद्रव चार, अनलाइन सट्टाबाजी एक, गर्भ संरक्षण विरुद्धको कसुर एक, राष्ट्रिय परिचयपत्रको दुरुपयोग एक, विद्युतीय कारोबार ऐन २०६३ विपरितका पाँच, नेपाल राष्ट्र बैंक सम्बन्धी कसुर एक, एसिड (तेजाब) प्रहार सम्बन्धी एक, शिक्षा सम्बन्धी कसुर एक र हातहतियार खरखजाना तथा लागुऔषध सम्बन्धिका सात मुद्दा प्रहरी कहाँ दर्ता भएका छन् ।

## बढ्दै साइबर अपराध

प्रहरीको तथ्यांक अनुसार गत वर्ष मात्रै सुर्खेतमा साइबर अपराध सम्बन्धिका सात सय ९१ मुद्दा दर्ता भएका छन् । जसमा विद्युतिय माध्यमबाट ठगी तीन सय १२, फेसबुक ह्याक एक सय ३० र मोबाइल चोरीका तीन सय ४९ मुद्दा प्रहरी कहाँ दर्ता भएका छन् ।

कुल दर्ता मध्ये हालसम्म विद्युतिय ठगीका ३६ मुद्दा फर्छ्यौट भएका छन् भने दुई सय ७६ मुद्दा प्रक्रियामा छन् । त्यस्तै, फेसबुक ह्याकसम्बन्धिका एक सय २९ मुद्दा प्रक्रियामा छन् । ५८ वटा मोवाइल चोरी सम्बन्धिमा मुद्दा फर्छ्यौट हुँदा दुई सय ९१ मुद्दा प्रक्रियामा रहेको देखिन्छ । पछिल्लो समय विद्युतिय माध्यमबाट हुने अपराधमा बृद्धि हुँदै गएकाले सचेत रहन प्रहरीको आग्रह छ ।

# 'मेसिन' मर्मत नहुँदा क्यान्सरका बिरामी भारत धाउन बाध्य



**युग संवाददाता**
**नेपालगन्ज, ३ साउन ।**

खजुरास्थित सुशील कोइराला प्रखर क्यान्सर अस्पतालमा करिब तीन महिनादेखि लिन्याक (लिनियर एक्सेलेरेटर) मेसिन बन्द हुँदा रेडियोथेरापी सेवा ठप्प भएको छ । सेवा अवरुद्ध भएपछि दैनिक उपचारका लागि आउने क्यान्सरका बिरामी भारतका विभिन्न अस्पताल धाउन बाध्य छन् ।

रेडियोथेरापी सेवा बन्द हुँदा पश्चिम नेपालका साथै लुम्बिनी, कर्णाली र सुदूरपश्चिमका बिरामी सबैभन्दा बढी प्रभावित भएका छन् । अस्पतालमा दैनिक २५ भन्दा बढी बिरामीले रेडियोथेरापी सेवा लिँदै आएका थिए तर मेसिन बिग्रेपछि उनीहरू भारतका बहराइच, लखनउ, दिल्लीलगायतका अस्पतालमा उपचारका लागि जान बाध्य भएका छन् । सुशील कोइराला प्रखर क्यान्सर अस्पताल लुम्बिनी, कर्णाली र सुदूरपश्चिमका लागि सरकारी क्यान्सर उपचार सेवा दिने प्रमुख केन्द्र हो ।

अस्पताल प्रशासनका अनुसार मेसिन मर्मत गर्ने प्राविधिक अस्पतालमा छैनन् । मेसिन आपूर्ति गर्ने कम्पनीले बाँकी भुक्तानी नपाएको भन्दै मर्मत गर्न अस्वीकार गरेपछि रेडियोथेरापी सेवा पुनः सञ्चालन अन्योलमा परेको हो । अस्पतालका अनुसार खरिद सम्झौतामा उल्लेख भएको एचएस कोड (एचएस कोड) र कन्ट्री अफ ओरिजिनभन्दा फरक विवरण भएको मेसिन आपूर्ति गरिएकाले सप्लायर्सको बाँकी भुक्तानी रोकिएको छ । भुक्तानी रोकिएपछि कम्पनीले मर्मतका लागि प्राविधिक नपठाएको अस्पताल प्रशासनको भनाई छ ।

अस्पतालका कार्यकारी निर्देशक डा. निरज भट्टराईले लिन्याक मेसिन सञ्चालनका विषयमा स्वास्थ्य तथा खाद्य स्वच्छता मन्त्रालयसँग छलफल भइरहेको र समस्या समाधानका लागि मन्त्रालयमा पत्राचार गरिएको जानकारी दिए । मन्त्रालयबाट आवश्यक निर्णय भएपछि मेसिन पुनः सञ्चालनमा आउने विश्वास

बाँकी ३ पेजमा

# पर्यटन प्रवर्द्धन गर्न 'नेपालगन्ज कोरा'

**युग संवाददाता**
**बाँके, ३ साउन ।**

धार्मिक पर्यटकीयस्थलको पहिचान गरी पर्यटन प्रवर्द्धन गर्न यहाँ 'नेपालगन्ज कोरा' गरिएको छ । नेपालगन्ज साइक्लिङ क्लबले आयोजना गरेको नेपालगन्ज कोरामा १०० बढी साइकलयात्री सहभागी भएको क्लबका सहसचिव विष्णु कँडेलले जानकारी दिए ।

उनका अनुसार यस वर्षको कोरा २५ किलोमिटर, ५० किलोमिटर र १०० किलोमिटर दूरीको यात्रा रहेको थियो । पच्चीस किलोमिटर समूहलाई अजय केसी र प्रकाश विष्टले, ५० किलोमिटर समूहको रुट गाइडको जिम्मेवारी आर्यन बाहुन र अशोक दीक्षितले र १०० किलोमिटर समूहलाई दिनेश थापा र बाबुराम विश्वकर्माले नेतृत्व गरेको क्लबका कोषाध्यक्ष राजेशकुमार गुप्ताले जानकारी दिए ।

नेपालगन्ज गणेशपुरस्थित बौद्ध गुम्बाबाट सुरु भएको साइकलयात्रा (कोरा) एकलैनीको जामे मस्जिद, चारबाहिनी चोक, गणेशमान चोक हुँदै भेरी प्राविधिक चोक पुगेर पश्चिमतर्फ रहेको ज्योति चर्चलाई दाहिने पार्दै गुरुद्वारातर्फ हुँदै त्यहाँबाट धम्बोजी, फूलटेक्रा, उरैयानी र घियागाउँ हुँदै साइकलिस्टहरू बेतनी पुगेका थिए ।

सहसचिव कँडेलले १०० किलोमिटर दूरीमा सहभागी भएकाहरु सिधनिया घाट, फत्तेपुर, बिनौना, बैजापुर, घुर, भवानियापुर मन्दिर हुँदै शम्शेरगन्ज, जिरो, कचनापुर गाउँ, समशेरगन्ज बजार, ढकेरी र कोहलपुर हुँदै पुनः नेपालगन्ज फर्किएका थिए ।



## सम्पादकीय....

# सत्ता समीकरणभन्दा माथि जनहित

कर्णाली प्रदेशको राजनीति फेरि सत्ता समीकरणको घेरामा पुगेको छ। नेपाली कांग्रेस र नेकपा एमालेबीच दुई वर्षअघि बनेको गठबन्धन भत्किएसँगै नयाँ समीकरणको खेल सुरु भएको छ। कांग्रेसले नेकपासँग मिलेर मुख्यमन्त्री यामलाल कँडेलविरुद्ध अविश्वासको प्रस्ताव दर्ता गराएपछि सत्ता परिवर्तनको बहस चुलिएको छ। तर, यसपटक रोचक पक्ष के देखिएको छ भने अविश्वास प्रस्तावको अग्रसरता लिएको नेकपाभित्रै कांग्रेससँग सहकार्य गर्ने विषयमा सार्वजनिक रूपमा असन्तुष्टि देखिन थालेको छ। पार्टीका वरिष्ठदेखि प्रदेश तहका नेतासम्मले कांग्रेससँग सरकार बनाउने हतारोप्रति प्रश्न उठाएका छन् । यसले राजनीतिक दलभित्र नीति र व्यवहारबीचको अन्तरलाई मात्र उजागर गरेको छैन, प्रदेशको अस्थिर राजनीतिप्रति जनताको निराशालाई पनि थप गहिरो बनाएको छ । वरिष्ठ नेता नारायणकाजी श्रेष्ठले पार्टीले सत्ता परिवर्तनको खेलमा नलाग्ने निर्णय गरिसकेको स्मरण गराउँदै कांग्रेस-एमालेबीच सहमति सम्भव भए उनीहरूले नै सरकार चलाउनुपर्ने धारणा राखेका छन् ।

परिस्थिति अत्यन्त जटिल भए मात्र अस्थायी सहकार्यको विकल्प खुला राखिए पनि वाम शक्तिको हितविपरीत कुनै मोर्चाबन्दी नगर्ने उनको सन्देश स्पष्ट छ। शक्तिबहादुर बस्नेत, टेकबहादुर बस्नेत र नरेश भण्डारीलगायत नेताहरूले पनि कांग्रेससँगको सहकार्यलाई हतारो, नीति विपरीत र कम्युनिष्ट आन्दोलनका लागि घातक कदमका रूपमा व्याख्या गरेका छन् । अर्थात्, सत्ता परिवर्तनको प्रक्रियामा अघि बढेको पार्टीभित्रै त्यसको औचित्यमाथि प्रश्न उठिरहेको छ । कर्णालीको विवाद केवल आलोपालो सरकारको सहमति कार्यान्वयन नभएको विषयमा मात्र सीमित छैन । गठबन्धन सञ्चालनमा विश्वासको संकट, केन्द्रको हस्तक्षेप, दलगत स्वार्थ र नेतृत्वबीचको असमझदारीले प्रदेश सरकारलाई अस्थिर बनाएको छ । विडम्बना, प्रदेशले भोगिरहेका विकास, रोजगारी, स्वास्थ्य, शिक्षा र पूर्वाधारका गम्भीर चुनौतीहरू भने राजनीतिक प्राथमिकताबाट लगातार ओझेलमा परिरहेका छन् । सरकार कसले बनाउने भन्ने प्रतिस्पर्धाले सरकार किन बनाउने भन्ने मूल प्रश्नलाई नै छायामा पारेको छ। यसको असर कर्णालीमा मात्र सीमित छैन।

सुदूरपश्चिम प्रदेशमा कांग्रेस-एमालेबीचको किचलोका कारण बजेट नै पारित हुन नसक्दा प्रदेश सरकार बजेटविहीन अवस्थामा पुगेको छ। सत्ता साझेदार दलहरूबीचको अविश्वासले विकास कार्यक्रम रोकिएका छन् भने प्रशासनिक निर्णयसमेत प्रभावित भएका छन् । यो घटनाले गठबन्धन राजनीति केवल अंकगणितको विषय होइन, शासन सञ्चालनको स्थायित्वसँग प्रत्यक्ष जोडिएको विषय भएको पुष्टि गरेको छ। संघीयताको मर्म प्रदेशलाई राजनीतिक प्रयोगशाला बनाउनु होइन, नागरिकको नजिक रहेर प्रभावकारी शासन दिनु हो। सरकार परिवर्तन लोकतान्त्रिक प्रक्रिया हो, तर त्यसको आधार सिद्धान्त, पारदर्शिता र जनहित हुनुपर्छ, क्षणिक सत्ता स्वार्थ होइन। कर्णालीका नागरिकले बारम्बार सरकार फेरिने दृश्य होइन, स्थिर नेतृत्व, नतिजामुखी शासन र विकासको निरन्तरता चाहेका छन् । त्यसैले दलहरूले अंकगणितभन्दा माथि उठेर आफ्नो राजनीतिक विश्वसनीयता जोगाउने बेला यही हो। सत्ता बदल्ने खेलभन्दा जनताको भरोसा जोगाउने राजनीति नै अहिलेको सबैभन्दा ठूलो आवश्यकता हो।

# सूचनाको हक : लोकतन्त्रको मेरुदण्ड



डा. लक्ष्मणदत्त पन्त

राज्यका नीति र योजना, सार्वजनिक खर्च र सेवा प्रवाह तथा सार्वजनिक निकायको कार्यसम्पादनसम्बन्धी सूचना नागरिकको पहुँचमा रहँदा मात्र लोकतन्त्र बलियो हुन्छ। सूचना नागरिकलाई केवल राज्यका कामकारबाहीबारे जानकारी दिने साधनका रूपमा मात्र होइन, शासनमा सहभागिता बढाउने, सार्वजनिक निकायलाई जवाफदेही बनाउने, भ्रष्टाचार नियन्त्रण गर्ने तथा सार्वजनिक स्रोतसाधनको सदुपयोग सुनिश्चित गर्ने प्रभावकारी माध्यमका रूपमा लिइनु पर्छ। भ्रस्टाचार र राज्यका साधनस्रोतको दुरुपयोग अन्त्यका लागि सूचनाको हकलाई नागरिक सशक्तीकरण र सचेतना दुवैका लागि उपयोग गर्नु वाञ्छनीय छ।

सबै खाले सूचना पूर्ण रूपमा खुला हुनु पर्छ भन्ने धारणा व्यावहारिक र कानुनी दुवै दृष्टिले उपयुक्त नहुने सन्दर्भमा देशको सार्वभौमिकता, राष्ट्रिय सुरक्षा, कूटनीतिक सम्बन्ध, गुप्तचर संयन्त्र, संवेदनशील पूर्वाधार तथा नागरिकको व्यक्तिगत गोपनीयतासँग सम्बन्धित सूचना अनियन्त्रित रूपमा सार्वजनिक गर्दा राष्ट्रिय हितमा प्रतिकूल असर पर्न सक्ने विषयमा राज्य र नागरिक संवेदनशील हुनु आवश्यक छ। मानव अधिकारका विश्वव्यापी मान्यतामा अडिग लोकतान्त्रिक शासनप्रणालीको मुख्य चुनौती सूचनालाई लुकाउनु वा सबै सूचना खुला गर्नु नभएर, नागरिकको थाहा पाउने अधिकार र राज्यले संरक्षण गर्नुपर्ने संवेदनशील सूचनाबिच सन्तुलन कायम गर्नु हो।

नेपालको संविधानले धारा २७ मा सूचनाको हकलाई सुनिश्चित गर्दै प्रत्येक नागरिकलाई सार्वजनिक महत्वका विषयमा सार्वजनिक निकायसँग सूचना माग्ने र प्राप्त गर्ने अधिकार प्रदान गरेको छ। यस प्रावधानले राज्यको स्वामित्वमा रहेको सूचना नागरिकको सम्पत्ति हो भन्ने लोकतान्त्रिक मान्यतालाई स्थापित गर्दै एकातिर सार्वजनिक निकायलाई सूचना उपलब्ध गराउने दायित्व तोकेको छ। यसै गरी राज्यका निर्णय प्रक्रिया पारदर्शी बनाउन र राज्यप्रति नागरिकको विश्वास अभिवृद्धि गर्न महत्वपूर्ण योगदान पुऱ्याएको छ। सार्वजनिक हितमा आवश्यक नभई राष्ट्रिय सुरक्षा, सार्वभौमिकता, न्यायिक प्रक्रिया, व्यक्तिगत गोपनीयता वा अन्य कानुनी रूपमा संरक्षित हितमा प्रत्यक्ष क्षति पुग्ने सूचना सार्वजनिक गर्न राज्य बाध्य नहुने विषय सबैले बुझ्नु पर्छ। संविधानमा उल्लेख सूचनाको हकले पारदर्शिता र गोपनीयतालाई एकअर्काका विरोधी अवधारणा नभई पूरक सिद्धान्तका रूपमा स्वीकार गरेको देखिन्छ।

लोकतान्त्रिक शासनप्रणालीमा सूचना सार्वजनिक गर्ने रणनीति जति महत्वपूर्ण छ, त्यति नै महत्वपूर्ण संवेदनशील र गोप्य सूचनाको संरक्षण। सूचनाको हकको अर्थ राज्यसँग रहेका सबै प्रकारका सूचना बिनाकुनै सीमा सार्वजनिक गर्नु पर्छ भन्ने होइन। लोकतन्त्रमा पारदर्शिता र गोपनीयता परस्पर पूरक सिद्धान्त भएकाले सूचना व्यवस्थापनको मूल आधार 'अधिकतम खुलापन र न्यूनतम आवश्यक गोपनीयता' हुनु पर्छ।

**मानव अधिकारमा सूचनाको हक**

नेपालले नागरिक तथा राजनीतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय महासन्धि अनुमोदन गरिसकेको विषय पनि उत्तिकै सान्दर्भिक छ। यस महासन्धिको धारा १९ ले प्रत्येक व्यक्तिलाई विचार तथा अभिव्यक्ति स्वतन्त्रताको अधिकार प्रदान गर्दै सूचना माग्ने, प्राप्त गर्ने र सम्प्रेषण गर्ने स्वतन्त्रतालाई मानव अधिकारका रूपमा स्थापित गरेको छ। यस महासन्धिको धारा १९ ले सूचना कुनै पनि माध्यमबाट, सीमाको परवाह नगरी आदानप्रदान गर्न सकिने अधिकारको संरक्षण गरेको भए पनि यस स्वतन्त्रतालाई पूर्ण रूपमा असीमित बनाएको भने छैन। यस अधिकारसँग जिम्मेवारी पनि जोड्दै सूचना प्रवाहमा लगाइने कुनै पनि प्रतिबन्ध कानुनद्वारा निर्धारित, आवश्यक तथा अनुपातिक हुनुपर्ने व्यवस्था गरेको छ। राष्ट्रिय सुरक्षा, सार्वजनिक हित, सार्वजनिक स्वास्थ्य, सार्वजनिक नैतिकता तथा अन्य व्यक्तिको अधिकार र प्रतिष्ठाको संरक्षणका लागि मात्र सीमित अवस्थामा सूचना प्रवाहमा कानुनी प्रतिबन्ध लगाउन सकिन्छ। यसले अन्तर्राष्ट्रिय समुदायले पनि पारदर्शिता र राष्ट्रिय हितबिच सन्तुलन कायम गर्नुपर्ने आवश्यकता स्वीकार गरेको स्पष्ट हुन्छ।

नेपालमा सूचनाको हकसम्बन्धी कानुनी संरक्षण बलियो भए पनि यसको प्रभावकारी कार्यान्वयन चुनौतीपूर्ण देखिन्छ। देशभरिका अधिकतम सार्वजनिक निकायमा सूचनालाई अझै पनि अधिकारका रूपमा होइन, प्रशासनिक विवेकका रूपमा हेरिने प्रवृत्ति कायम छ। कतिपय अवस्थामा सार्वजनिक गरिनुपर्ने सूचना गोप्य राखिन्छ भने सार्वजनिक गर्न नहुने संवेदनशील सूचनाको व्यवस्थापनसमेत विवेकपूर्ण देखिँदैन। फलस्वरूप यसले सार्वजनिक निकायको पारदर्शितामा अवरोध सिर्जना गर्दै राष्ट्रिय हितसँग सम्बन्धित सूचनाको संरक्षणमा समेत बाधा उत्पन्न गरेको छ।

**सुशासनको सवाल**

सूचनाको हकको मूल लक्ष्य राज्यका संवेदनशील विषय सार्वजनिक गर्नु होइन, बरु सार्वजनिक निर्णयलाई पारदर्शी बनाउनु हो। सरकारले बजेट कहाँ खर्च गऱ्यो, विकास आयोजना किन ढिला भए, सार्वजनिक खरिद प्रक्रिया कसरी सम्पन्न भयो, सामाजिक सुरक्षा कार्यक्रम कसरी सञ्चालन भए, शिक्षा, स्वास्थ्य, रोजगारी, लैङ्गिक समानता, महिला तथा अल्पसङ्ख्यकको अधिकार, समावेशीकरण, सहभागितामूलक विकासमा राज्यले के उपलब्धि हासिल गऱ्यो, स्थानीय सरकारले सार्वजनिक स्रोत कसरी परिचालन गरिरहेको छ जस्ता विषयमा नागरिकले सरल तरिकाबाट सूचना पाउनु पर्छ।

यस्ता सूचनाले नागरिकलाई सरकारमाथि निगरानी राख्न, सार्वजनिक नीति सुधारका लागि सुझाव दिन र लोकतान्त्रिक प्रक्रियामा सक्रिय सहभागिता जनाउन सक्षम बनाउँछ। सूचनाको हकलाई कानुनी अधिकारका रूपमा मात्र होइन, सुशासनको आधारभूत उपकरणका रूपमा बुझ्न आवश्यक छ। यसका लागि सूचना चाहिने नागरिक, सूचना उपलब्ध गराउने सार्वजनिक निकाय, सूचना सम्प्रेषण गर्ने सञ्चार माध्यम, पारदर्शिताको पक्षमा वकालत गर्ने नागरिक समाज तथा सूचनासम्बन्धी विवादको निष्पक्ष समाधान गर्ने राष्ट्रिय सूचना आयोगलगायतका संस्थाले हातेमालो गर्नुको विकल्प छैन।

राष्ट्र, समाज वा व्यक्तिको वैध हितमा प्रत्यक्ष र गम्भीर क्षति पुग्ने सम्भावना भएका सूचनालाई संवेदनशील सूचनाका रूपमा लिन सकिन्छ। उदाहरणका लागि राष्ट्रिय सुरक्षा रणनीति, सेना परिचालन योजना, गुप्तचर निकायका गतिविधि, सीमा सुरक्षासम्बन्धी संवेदनशील विवरण, साइबर सुरक्षाका सवाल, सङ्गठित अपराध नियन्त्रणसम्बन्धी कार्ययोजना, अत्यावश्यक पूर्वाधारको सुरक्षा प्रणाली, गोप्य कूटनीतिक वार्ता, चलिरहेका अनुसन्धानका प्रमाण तथा व्यक्तिगत गोपनीयतासँग सम्बन्धित सूचनाको गोपनीयता राज्यको स्वार्थका लागि मात्र नभएर समग्र जनहितको संरक्षणका लागि आवश्यक हुन सक्छ। यस्ता सूचना अनधिकृत रूपले सार्वजनिक गर्दा राज्य र नागरिक दुवै जोखिममा पर्न सक्छन्।

सूचनाको हकसम्बन्धी ऐनले सार्वजनिक निकायसँग रहेका धेरै जसो सूचना नागरिकलाई उपलब्ध गराउनुपर्ने दायित्वबोध गराउँदै सबै खाले सूचना गोप्य राख्न मिल्ने व्यवस्था गरेको छैन। बजेट र विकास आयोजना, सार्वजनिक खरिद, वातावरणीय प्रभाव मूल्याङ्कन, स्थानीय तहका निर्णय, सार्वजनिक सेवा प्रवाह, कर्मचारी नियुक्तिको प्रक्रिया, सामाजिक सुरक्षा कार्यक्रम, स्वास्थ्य तथा शिक्षासम्बन्धी सेवा, विपत् व्यवस्थापन, राहत वितरण तथा सार्वजनिक स्रोतको उपयोग जस्ता विषय सामान्यतया सार्वजनिक हुनुपर्ने सूचना हुन्। यस्ता सूचना सार्वजनिक संस्थाबाटै सक्रिय रूपमा सार्वजनिक हुँदा नागरिकले छुट्टै निवेदन दिएर सूचना माग्नुपर्ने बाध्यता पनि कम हुन्छ। सार्वजनिक निकायले आफ्ना नीति, निर्णय, बजेट, खर्च, सम्झौता, वार्षिक प्रतिवेदन तथा सेवासम्बन्धी विवरणलगायतका सूचना नियमित रूपमा आधिकारिक सामाजिक सञ्जाल, वेबसाइट, डिजिटल पोर्टलबाट उपलब्ध गराए पारदर्शिता बढ्नुका साथै सूचना माग्ने प्रक्रिया सरल भई भ्रम फैलिने सम्भावना पनि घट्छ। अर्कातिर सूचना लुकाउने प्रवृत्तिले भ्रामक सूचना फैलिन सहयोग गर्छ। गोपनीयता राष्ट्रिय सुरक्षा, न्याय, कूटनीतिक सम्बन्ध र व्यक्तिगत अधिकारको संरक्षण गर्ने माध्यम भएकाले वास्तविक सार्वजनिक हितको संरक्षण भए मात्रै गोपनीयताको औचित्य रहन्छ। त्यसै गरी पारदर्शिता नागरिकलाई राज्यका निर्णयबारे विश्वसनीय सूचना उपलब्ध गराउने माध्यम भएकाले यी दुईबिच सन्तुलन कायम गर्न सकियो भने मात्र नागरिकले सूचनाको हकको सही उपभोग गर्न सक्छन्। यस सन्तुलनलाई संस्थागत रूपमा कार्यान्वयन गर्न कानुनी स्पष्टता, सक्षम सार्वजनिक संस्था, दक्ष सूचना अधिकारी, सुरक्षित अभिलेख व्यवस्थापन र स्वतन्त्र नागरिक निगरानी आवश्यक छ।

नागरिकले सूचना प्राप्त गर्नु मात्र सबथोक होइन, प्राप्त सूचनाको जिम्मेवारीपूर्वक उपयोग गर्नु पनि उत्तिकै महत्वपूर्ण भएकाले सार्वजनिक निकायबाट प्राप्त सूचनालाई सन्दर्भबाट अलग गरी गलत अर्थ लगाउने, अपुष्ट दाबी गर्ने वा समाजमा भ्रम सिर्जना गर्ने उद्देश्यले प्रयोग गर्नु हुँदैन। सूचनाको हक मूलतः सीमान्तकृत, विपन्न तथा वञ्चित समुदायका लागि सामाजिक सशक्तीकरण र राजनीतिक मूलप्रवाहीकरणको प्रभावकारी माध्यम बन्न सक्छ। देशभर थुप्रै नागरिक अहिले पनि राज्यले उपलब्ध गराएका सेवा, सुविधा र आफ्नो मौलिक हकबारे अनभिज्ञ छन्। ग्रामीण क्षेत्र, दुर्गम बस्ती, मधेशी र दलित समुदाय, आदिवासी जनजाति, महिला, अपाङ्गता भएका व्यक्ति, ज्येष्ठ नागरिक तथा आर्थिक रूपमा कमजोर वर्गका नागरिक सूचना सचेतनाको अभावमा रोजगारी, सामाजिक सुरक्षा, स्वास्थ्य सेवा, शिक्षा र भूमि अधिकार, कृषि अनुदान, छात्रवृत्ति, विपत् राहत तथा विकास योजनाबाट वञ्चित हुँदै आएका छन्।

नागरिकले सूचनासम्बन्धी हकको जिम्मेवारीपूर्वक प्रयोग, सार्वजनिक निकायले सूचना पारदर्शिता, सञ्चारमाध्यमद्वारा तथ्यमा आधारित पत्रकारितालाई प्राथमिकता, नियामक निकायले पारदर्शिता तथा गोपनीयताबिच सन्तुलन कायम गर्न सके मात्र स्वस्थ सूचना चक्र स्थापना हुन सक्छ।

**सूचना शासनका लागि आयोग**

सूचनाको हकलाई प्रभावकारी रूपमा कार्यान्वयन गर्ने संवैधानिक संरचना प्रचलनमा भए पनि यसको सफल कार्यान्वयन संस्थागत क्षमता, राजनीतिक प्रतिबद्धता र नागरिक चेतनामाथि भर पर्दछ। राष्ट्रिय सूचना आयोगलाई केवल सूचना नदिएको विषयमा उजुरी सुनुवाइ गर्ने निकायका रूपमा मात्र सीमित नराखी परिवर्तित राजनीतिक सन्दर्भमा सुशासनका लागि बढ्दो नागरिक माग, बदलिँदो सूचना प्रविधि, कृत्रिम बुद्धिमत्ता, सामाजिक सञ्जाल, साइबर सुरक्षा र भ्रामक सूचनाको तीव्र विस्तारलाई दृष्टिगत गर्दै नेपालको समग्र सूचना शासनलाई मार्गदर्शन गर्ने अग्रणी संस्थाका रूपमा स्थापित गरिनु आवश्यक छ।

सूचनाको हकलाई केवल कानुनी अधिकारका रूपमा सीमित नराखी सुशासन, सामाजिक न्याय, उत्तरदायित्व र लोकतान्त्रिक सहभागिताको मेरुदण्डका रूपमा अभ्यास गरिनु पर्दछ। नागरिकले सूचनाको हकलाई जिम्मेवारीपूर्वक प्रयोग गर्ने, सार्वजनिक निकायले अधिकतम सूचना स्वप्रकाशन र संवेदनशील सूचनाको कानुनसम्मत संरक्षण गर्ने, राष्ट्रिय सूचना आयोगले प्रभावकारी नियमन र जनचेतना विस्तार गर्न सके मात्र यस संयन्त्रले सुशासनमार्फत समृद्धिको बाटो तय गर्न सक्दछ।

*(गोरखापत्र)*

## विश्व

# विश्वकप फाइनलमा ट्रम्पको भूमिका फेरि चर्चाको विषय

**बेडमिन्स्टर, ३ साउन ।**

संयुक्त राज्य अमेरिकाका राष्ट्रपति डोनाल्ड ट्रम्प आइतबार हुने फिफा विश्वकप फुटबलको फाइनल खेलमा विशेष उपस्थितिका रूपमा सहभागी हुने भएका छन् । स्पेन र अर्जेन्टिनाबीच हुने उपाधि भिडन्तपछि उनले फिफाका अध्यक्ष जियानी इन्फान्टिनोसँग मिलेर विजेता टोलीलाई ट्रफी प्रदान गर्ने कार्यक्रम रहेको छ।

न्यु जर्सीमा हुने उक्त फाइनल ट्रम्पले प्रत्यक्ष अवलोकन गर्ने पहिलो विश्वकप खेल हुनेछ। यद्यपि, प्रतियोगिताका क्रममा उहाँको भूमिकाले यसअघि नै विवादसमेत निम्त्याएको छ। अन्तिम १६ चरणअघि अमेरिकी स्ट्राइकर फोलारिन बालोगुनमाथि लगाइएको रातो कार्ड फिर्ता लिन वा निलम्बन गर्न आग्रह गर्दै ट्रम्पले फिफा अध्यक्ष इन्फान्टिनोलाई फोन गरेको समाचार सार्वजनिक भएपछि प्रतियोगिताको निष्पक्षतामाथि प्रश्न उठेको थियो।

विवादका बाबजुद ट्रम्पले यस विश्वकपलाई अहिलेसम्मकै सबैभन्दा सफल प्रतियोगिताको सङ्ज्ञा दिनुभएको छ। उहाँका अनुसार यस प्रतियोगिताले संयुक्त राज्य अमेरिकामा फुटबलप्रतिको आकर्षण र लोकप्रियता थप बढाएको छ। ट्रम्पसँगै प्रथम महिला मेलानिया ट्रम्प, उहाँका छोरा ब्यारन ट्रम्प तथा मेलानियाका पिता भिक्टर नाब्स पनि फाइनल खेलमा उपस्थित रहने जनाइएको छ।

**कूटनीतिक भेटघाटको अवसर**

विश्वकपको फाइनल खेल खेलकुदसँगै कूटनीतिक भेटघाटको अवसर पनि बन्ने अपेक्षा गरिएको छ। स्पेनका प्रधानमन्त्री पेड्रो सान्चेज तथा स्पेनी राजपरिवारका सदस्यहरू पनि फाइनल हेर्न उपस्थित हुनेछन् । ट्रम्पले हालै स्पेनले नेटोअन्तर्गतको रक्षा खर्चसम्बन्धी दायित्व पूरा नगरेको भन्दै आलोचना गरेका थिए।

प्रतियोगिताका सहआयोजक राष्ट्र मेक्सिकोकी राष्ट्रपति क्लाउडिया शिनबाम र क्यानडाका प्रधानमन्त्री मार्क कार्नी पनि फाइनलमा सहभागी हुने कार्यक्रम छ । अमेरिका, क्यानडा र मेक्सिकोबीच व्यापार, आप्रवासन र सुरक्षालगायतका विषयमा पछिल्लो समय मतभेद देखिँदै आएको छ।

ट्रम्पको उपस्थितिलाई ध्यानमा राख्दै न्यु जर्सीस्थित रङ्गशाला वरपर कडा सुरक्षा व्यवस्था मिलाइएको छ। उहाँ आउने समय रङ्गशाला आसपासको हवाई क्षेत्रलाई अस्थायी रूपमा 'नो-फ्लाइ जोन' घोषणा गरिने जनाइएको छ।

**इन्फान्टिनोसँगको निकट सम्बन्ध**

ट्रम्पले दोस्रो कार्यकालका लागि ह्वाइट हाउस फर्किएयता फिफा अध्यक्ष जियानी इन्फान्टिनोसँगको सम्बन्धलाई थप प्रगाढ बनाएका छन् । उनले विश्वकप र सन् २०२८ को लस एन्जलस ओलम्पिक आयोजना गर्ने अधिकार अमेरिकाले प्राप्त गरेको विषयलाई आफ्नो उपलब्धिका रूपमा उल्लेख गर्दै आएका छन् ।

यसअघि न्यु जर्सीमै आयोजित फिफा क्लब विश्वकपको उपाधि वितरण समारोहमा ट्रम्पले ट्रफी हस्तान्तरणपछि पनि विजेता टोलीसँगै मञ्चमै बसेको घटनाले चर्चा पाएको थियो। पछि उनले उक्त ट्रफी ह्वाइट हाउसमा राखिएको दाबी गर्नुभएको थियो। तर फिफाले ह्वाइट हाउसमा रहेको ट्रफी सक्कली नभई प्रतिकृति (रेप्लिका) भएको स्पष्ट पारेको थियो।

## महत्वपूर्ण टेलिफोन नम्बर

| | |
|---|---|
| **एम्बुलेन्स** | |
| एम्बुलेन्स (नेपाल रेडक्रस) | : ०८३-५२०३१० |
| एम्बुलेन्स (वीरेन्द्रनगर सहकारी) | : ९८४८०२०८६७ |
| एम्बुलेन्स (भू.पू. सैनिक कल्याणकारी समिति) | : ९८२२४११५८६ |
| शव वाहन | : ०८३-५२४२३६/९८५८०४३६०० |
| जिल्ला प्रहरी कार्यालय | : १००, ०८३-५२०२२२ |
| जिल्ला ट्राफिक कार्यालय | : ०८३-५२५४९६ |
| विद्युत फ्यूज सेवा | :०८३-५२०२६७/५२०२६५ |
| महिला तथा बाल हेल्पलाइन | : १०९८ |
| **विमान स्थल** | |
| सुर्खेत | : ०८३-५२१९४५/५२५२१९ |
| जुम्ला | : ०८७-५२०१९० |
| मुगु ताल्चा : | |
| हुम्ला | : ०८७-६८००८० |
| डोल्पा | : ०८७-५५१०१९ |
| चौरजहारी (पश्चिम रुकुम) | : ०८८-४०१०४८ |
| नेपालगन्ज | : ०८१-५६५२०५ |
| **दमकल** | |
| वीरेन्द्रनगर न.पा. : | : १०१ |
| भेरीगंगा न.पा. | : ०८३-५४०११०, ९८५८०५१०५७ |
| नारायण न.पा. | : ०८९-४१०२०१ |
| **अस्पताल** | |
| दैलेख जिल्ला अस्पताल | : ०८९-४१०११७ |
| प्रदेश अस्पताल सुर्खेत | : ०८३-५२३२०० |
| सुर्खेत हस्पिटल प्रा.लि. | : ०८३-५२५४१७ |
| माया नर्सिङ्ग होम प्रा.लि. | : ०८३-५२१४३०, ५२५४३० |
| एम्बुलेन्स (माया नर्सिङ्ग होम) | : ०८३-५२१४३० |
| एम्बुलेन्स (देउती नर्सिङ्ग होम) | : ०८३-५२०५२८ |
| एम्बुलेन्स (स्वास्थ्यकर्मी संघ) | : ९८४४८३५६६६ |
| एम्बुलेन्स (नेपाल अर्बुद रोग निवारण संस्था) | : ९८६८११६०५२ |
| जाजरकोट अपस्ताल | : ०८९-४३०१२० |
| जिल्ला अस्पताल डोल्पा | : ०८७-५५०१११ |
| जिल्ला अस्पताल मुगु | : ०८७-४६०१६२ |

## आजको राशिफल

**मेष** — हिम्मत गर्दा जटिल काम समेत सम्पादन हुनेछ । तर परिस्थितिअनुसार चल्न नसक्ता दुःख पाइनेछ । विश्वासपात्रबाट धोका हुन सक्छ, सजग रहनुहोला ।

**वृष** — शुभचिन्तकहरूको साथ प्राप्त हुनाले काममा उत्साह जाग्नेछ । सुखद समाचारले दिन उत्साहपूर्ण रहनेछ । पढाइको लगावले बौद्धिक क्षेत्र फराकिलो बन्नेछ ।

**मिथुन** — रोकिएका घरेलु कामकाज बिस्तारै बन्नेछन् । हतारको निर्णयले काम बिग्रन सक्छ । दिगो योजना गोप्य राखेर अघि बढ्नुहोला ।

**कर्कट** — ईर्ष्यालु मन भएकाहरूले सताउलान् । प्रतीक्षित नतिजा कमजोर रहला। प्रक्रिया नमिल्नाले काम दोहोर्याउनुपर्ला । सहयोगीहरूले साथ दिन छड्नेछन् ।

**सिंह** — व्यवहारले अरूलाई आकर्षण गर्ने बेला छ । मिहिनेतले राम्रो उपलब्धि दिलाउनेछ । आम्दानी बढ्नुका साथै दिगो काम प्रारम्भ हुनेछ ।

**कन्या** — पहिलेको सफलताले हौसला जगाउनेछ । बिछोडिएका आफन्तसँग भेट हुने समय छ । स्वादिष्ट भोजनको आनन्द प्राप्त हुनेछ ।

**तुला** — आकस्मिक खर्चले अर्थ अभाव देखापर्न सक्छ । आफन्तजनबाट टाढिनुपर्ला । व्यापारमा लगानी बढाउनुपर्ने स्थिति आउन सक्छ ।

**वृश्चिक** — नियमित काम गर्दै दिगो काम प्रारम्भ गर्न सकिनेछ । रोकिएको काम बन्नेछ भने गरेका कामको राम्रो मूल्यांकन हुनेछ । नयाँ आयस्रोत फेला पर्नेछन् ।

**धनु** — विगतका कमजोरीले समस्या पर्ला । अवसर प्राप्त भए पनि आफ्नैले काम बिगार्न सक्छन् । स्वार्थका लागि नजिकिनेहरूबाट सजग रहनुहोला ।

**मकर** — आफ्नो क्षेत्रमा प्रभाव बढ्नेछ । काम गरेरै नाम र दाम कमाउने बेला छ । लगनशीलताले विभिन्न अवसर दिलाउनेछ ।

**कुम्भ** — कामको चाप बढ्नेछ तर बन्दै गरेको काम स्थगित हुन सक्छ । श्रमपूर्वक समर्पित हुँदा समेत लाभ उठाउन नसकिएला । आक्षेप लगाउनेहरूले दुःख देलान् ।

**मीन** — प्रयजनसँग हुने भेटघाटले दिन रमाइलो बन्नेछ । अतिथिको रूपमा सत्कार पाइनेछ । प्रेम र मित्रताको बन्धन कसिलो हुनेछ ।

# मुक्तकमैयाका समस्या समाधान गर्न अधिकारसम्पन्न निकायको माग

**युग संवाददाता**
**कैलाली, ३ साउन ।**

सरकारबाट पुनःस्थापना गर्न बाँकी रहेका मुक्तकमैयाको समस्या समाधान गर्न अधिकारसम्पन्न निकायको माग गरिएको छ। शनिबार कैलालीको धनगढीमा २६ औँ कमैयामुक्ति दिवसका अवसरमा आयोजित कार्यक्रममा उनीहरूले पुनःस्थापनाका लागि सरकारले पहिचान गरेकामध्ये बाँकी रहेकाको समस्या समाधान गर्न यस्तो माग गरिएको हो।




कार्यक्रममा मुक्त कमैया समाजका केन्द्रीय अध्यक्ष पशुपति चौधरीले सरकारले पुनःस्थापनासम्बन्धी अधिकांश काम सम्पन्न गरी केही मुक्तकमैयाको जिम्मा स्थानीय तहमा हस्तान्तरण गरे पनि करिब आठ वर्षसम्म पनि समस्या समाधान नभएको बताए। मुक्तकमैया समस्यालाई भूमिहीनसरह ठानेर स्थानीय तह वा भूमिसम्बन्धी आयोगबाट समाधान हुने भने पनि त्यसो नभएको भन्दै अधिकारसम्पन्न छुट्टै निकाय आवश्यक रहेको उनको भनाइ थियो।

समाजका सुदूरपश्चिम अध्यक्ष चन्द्रप्रसाद चौधरीले २५ हजारभन्दा बढी मुक्तकमैयाको समस्या समाधान गरेर केही हजारको समस्या स्थानीय तहले गर्लान् भनेर छोड्दा अन्योल भएको बताए। उनले अब एकपटकका लागि मुक्तकमैयासम्बन्धी सम्पूर्ण समस्या समाधान गर्न केन्द्र सरकारले नेतृत्व गर्नुपर्नेमा जोड दिए।

अन्य सरोकारवालाले अधिकांश मुक्तकमैयाको पुनःस्थापना भइसकेको अवस्थामा अब बाँकीको समस्या पनि त्यसरी नै समाधान गर्न अग्रसरता लिनुपर्नेमा जोड दिएका छन्। सुदूरपश्चिम प्रदेशसभा सदस्य एवं निवर्तमान भूमि व्यवस्था, कृषि तथा सहकारीमन्त्री वीरबहादुर थापाले जमिन दिने अधिकार सङ्घीय तथा स्थानीय तहमा मात्र रहेकाले त्यसबाहेकका काममा सहयोग गर्ने प्रदेश तहको भूमिका रहने बताए।

उनले अब एकपटकका लागि तीनै तहका निकायको सहकार्यमा मुक्तकमैयालगायत विगतमा सरकारले मुक्त घोषणा गरेका समुदायको समस्या समाधान गर्नुपर्ने बताए। "म मन्त्रालयको नेतृत्वमा रहँदा जग्गा भएका मुक्तकमैयाको घर बनाउन अन्य निकायसँग सहकार्य गर्ने नीति अगाडि सारेको थिएँ। जग्गा नभएकाका लागि हामीले केही गर्ने अवस्था रहेन", उनले भने, "जग्गासम्बन्धी अधिकार केन्द्र र स्थानीय तहमा भएकाले त्यसको व्यवस्थापन गरिएमा प्रदेश सरकारले बाँकी काममा सहकार्य गर्छ। हामीले कार्यविधि बनाएर त्यो काम सुरु गरिसकेका छौँ।"

राष्ट्रिय मानवअधिकार आयोगका सुदूरपश्चिम प्रमुख सहसचिव प्रकाशदत्त भट्टले संविधानले हरेक नागरिकलाई सम्मानपूर्वक बाँच्न पाउने अधिकार दिएकाले त्यसको पालना गरिनुपर्ने बताए। उनले अधिकारप्राप्त निकाय, सरोकार भएका र व्यक्तिले पनि मुक्तकमैयाको समग्र मानवअधिकारको अवस्था सुधारका लागि मिलेर काम गर्नुपर्नेमा जोड दिए।

कार्यक्रममा नेपाल बार एसोसिएसन कैलालीका अध्यक्ष नाथुराम महतो, गैरसरकारी संस्था महासङ्घका प्रदेश सचिव नरेन्द्र ओझा, अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक) प्रतिनिधि मैनामती चौधरी, कमैया प्रथा उन्मूलन समाजका अध्यक्ष सीताराम चौधरी, याक नेपालका अनुगमन अधिकृत पवित्रा भट्टलगायतले मुक्तकमैयाहरूको सम्मानित जीवनका लागि सबै गम्भीर बन्नुपर्नेमा जोड दिए।

सरकारले २०५७ साउन २ गते कमैयामुक्ति घोषणा गरेको थियो। कैलाली, कञ्चनपुर, बाँके, बर्दिया र दाङमा गरी ३२ हजार ५०९ परिवारलाई मुक्तकमैयाको परिचयपत्र प्रदान गरिएको थियो। त्यसमा पुनःस्थापना गर्न योग्य ठहरिएका २७ हजार ५७० परिवारमध्ये २७ हजार २१ परिवारले पुनःस्थापना प्याकेज पाएका थिए। केन्द्र सरकारले आव २०७५/७६ पछि अधिकांशको पुनःस्थापना सम्पन्न गरिएको जनाउँदै बाँकी ३०० जनालाई स्थानीय सरकारले काम गर्नेगरी हस्तान्तरण गरेको तथ्याङ्क छ। मुक्तकमैया क्षेत्रका सङ्घसंस्थाले भने सरकारले पहिचान गरेकाहरूमध्ये २५ हजार १९५ परिवारले मात्रै सुविधा पाएको दाबी गर्दै आएका छन्।

# सडकको अवस्था बुझ्न कर्णालीमा पूर्वाधार विकास मन्त्री लम्साल

**गोल्डेन बुढा**
**जुम्ला, ३ साउन ।**

कर्णालीका सडकको वास्तविक अवस्था कागजी प्रतिवेदनबाट होइन, स्थलमै पुगेर बुझ्ने उद्देश्यसहित पूर्वाधार विकास मन्त्री सुनिल लम्साल आइतबार जुम्ला आइपुगे। बर्खाका कारण पहिरो, हिलो र अवरुद्ध सडक हुँदै यात्रा गर्दै उनले कर्णाली राजमार्ग, नाग्म-गमगढी सडक र डोल्पा जोड्ने सडकको स्थलगत अनुगमन गरे।



अनुगमनका क्रममा उनले सडक निर्माणको प्रगति, बजेट कार्यान्वयन, स्थानीयका गुनासा तथा वर्षौंदेखि अलपत्र परेका पूर्वाधार आयोजनाको अवस्थाबारे प्रत्यक्ष जानकारी लिए।

पर्यटकीय क्षेत्र जुम्लाको गुठीचौर पाटन पुगेर मन्त्री लम्सालले गोठालासँग भेटघाट गरे। गोठालाहरूले पाटनसम्म पुग्ने सडक पक्की बनाइदिन आग्रह गरेपछि उनले आवश्यक पहल गर्ने आश्वासन दिए। गुठीचौरलाई व्यवस्थित पूर्वाधारसँग जोड्न सके कर्णालीकै प्रमुख पर्यटकीय गन्तव्यका रूपमा विकास गर्न सकिने उनको भनाइ थियो। पर्यटन र पूर्वाधारलाई सँगसँगै अघि बढाउनुपर्ने आवश्यकता उनले औँल्याए। हाल उक्त पाटनमा हरेक वर्ष हजारौं पर्यटक पुग्ने गरेका छन्।

अनुगमनका क्रममा मन्त्री लम्सालले जुम्लामा वर्षौंदेखि निर्माण सम्पन्न हुन नसकेका तथा अलपत्र अवस्थामा रहेका भौतिक संरचनाको समेत अवलोकन गरे। उनले कर्णालीका सबै जिल्लाका सडक आयोजनाको अवस्था बुझ्न स्थलगत भ्रमणमा निस्किएको स्पष्ट पारे।

'कर्णालीका सबै जिल्लाका सडकको अनुगमन गरिरहेका छौं। सबै सडकमा बजेट विनियोजन गरिएको छ। हामीले छुट्याएको बजेट पर्याप्त भयो कि भएन, थप बजेट आवश्यक छ कि छैन भन्ने बुझ्न कर्णालीका जिल्लामा आएका हौं,' मन्त्री लम्सालले भने। उनका अनुसार अहिलेको अनुगमनको उद्देश्य चुनौती पहिचान गर्दै आगामी वर्षका योजना अझ प्रभावकारी बनाउनु हो।

जुम्ला भ्रमणका क्रममा मन्त्री लम्साललले यसअघि खारेज भएको संघीय खानेपानी कार्यालय पुनः स्थापना गरिने प्रतिबद्धता पनि जनाए। 'संघीय खानेपानी कार्यालय स्वीकृत भइसकेको छ। केही दिनमै काम सुरु हुन्छ,' उनले भने।

२०८१ चैत ११ गतेको निर्णयअनुसार २०८२ साउन १ गतेदेखि जुम्लासहित अन्य १५ वटा अस्थायी संघीय खानेपानी कार्यालय खारेज गर्ने निर्णय गरिएको थियो। जुम्लासहित साविक कर्णालीका कालीकोट, मुगु र हुम्ला गरी चार जिल्लालाई कार्यक्षेत्र बनाएको उक्त कार्यालय जुम्लाबाट हटाइएको थियो।

बर्खाकै समयमा कर्णालीको भ्रमण गर्नु उपयुक्त निर्णय भएको उल्लेख गर्दै मन्त्री लम्साललले सडकको वास्तविक अवस्था प्रत्यक्ष रूपमा अनुभव गर्न पाएको बताए। 'बर्खामै आइयो, एकदम ठीक भयो। सडक हेर्दै कर्णालीको सास्ती पनि भोगियो। अब योजना तर्जुमा गर्न सहज हुनेछ,' उनले भने।

जुम्लामा रहँदा उनले आफ्नो मन्त्रालयअन्तर्गतका कार्यालयहरूको अवस्था अवलोकन गर्नुका साथै सेवाग्राहीका समस्या पनि सुने। अनुगमन टोलीमा मन्त्री लम्सालसँगै सांसद रमेशकुमार सापकोटा र सुशान्त वैदिक सहभागी थिए।

स्थानीयवासीले कर्णाली राजमार्गको स्तरोन्नति गर्न माग गर्दै मन्त्री लम्साललाई स्याउको माला लगाएर स्वागत गरेका थिए। वर्षायाममा निरन्तर पहिरो जाँदा राजमार्ग पटक-पटक अवरुद्ध हुने, त्यसले जुम्लाको मुख्य नगदे बाली स्याउको ढुवानी तथा निर्यातमा गम्भीर असर पार्ने गरेको भन्दै उनीहरूले दुई लेनको पक्की सडक निर्माण गर्न आग्रह गरे।

मन्त्री लम्साललले आइतबार कर्णालीको प्रसिद्ध चन्दननाथ मन्दिरमा दर्शन गर्नुका साथै कर्णाली स्वास्थ्य विज्ञान प्रतिष्ठानको अवलोकन गरेपछि मुगुतर्फ प्रस्थान गरेका छन्।

मन्त्री लम्साल शुक्रबारदेखि कर्णालीका प्रमुख राजमार्गहरूको स्थलगत अनुगमनमा छन्। केही साताअघि मात्रै उनले तीन वर्षभित्र कर्णालीका जिल्ला तथा स्थानीय तह जोड्ने मुख्य सडकलाई डबल लेनमा विस्तार गर्ने घोषणा गरेका थिए। सोही घोषणाको कार्यान्वयन अवस्था बुझ्न उनी सुर्खेतदेखि हुम्लासम्मका सडक आयोजनाको निरीक्षणमा निस्किएका हुन्।

उनको भ्रमण कर्णाली राजमार्गअन्तर्गत सुर्खेत-दैलेख-कालीकोट सडक खण्डको निरीक्षणबाट सुरु भएको हो। त्यसपछि कालीकोट हुँदै जुम्ला-कालीकोट सीमास्थित नाग्मसम्म पुगेर नाग्म-गमगढी सडकको निरीक्षण, स्थलमार्गबाट बाजुरा र त्यहाँबाट हवाईमार्ग हुँदै हुम्ला पुगेर सडक आयोजनाको अवस्था बुझ्ने कार्यक्रम तय गरिएको छ।

गत असार ४ गते प्रतिनिधिसभामा मन्त्री लम्साललले कर्णालीका मुख्य सडक तीन वर्षभित्र डबल लेनमा विस्तार गरिने घोषणा गरेका थिए। सडकका खाल्डाखुल्डी अब टालटुले शैलीमा नभई नियमित मर्मत प्रणालीमार्फत व्यवस्थापन गरिने पनि उनले बताएका थिए। सोही प्रतिबद्धताको कार्यान्वयन अवस्था बुझ्न उनी स्थलगत अनुगमनमा निस्किएको बताइएको छ।

कर्णालीका अधिकांश सडक अझै पनि जीर्ण अवस्थामै छन्। वर्षायाममा पहिरो र हिउँदमा धुलोका कारण स्थानीयले वर्षौंदेखि सास्ती खेप्दै आएका छन्। यही कारण कर्णाली राजमार्गलाई लामो समयदेखि 'मृत्युमार्ग'को संज्ञा दिइँदै आएको चन्दननाथ नगरपालिका-४ का बालाराम नेपाली बताउँछन्।

सुर्खेतदेखि जुम्लासम्म फैलिएको २ सय ३२ किलोमिटर लामो कर्णाली राजमार्गमध्ये १ सय ३२ किलोमिटर सडक सडक डिभिजन कार्यालय सुर्खेत र १ सय किलोमिटर सडक सडक डिभिजन कार्यालय जुम्लाको कार्यक्षेत्रमा पर्छ।

नाग्मदेखि मुगुको सदरमुकाम गमगढीसम्मको ९३ किलोमिटर सडकमा नियमित सवारी सञ्चालन भइरहेको छ। गमगढीदेखि उत्तरी चिनियाँ नाका नाक्चेनाग्लासम्म प्रस्तावित ९३ किलोमिटर सडकमध्ये १८ किलोमिटर ट्र्याक खुलिसकेको छ भने बाँकी खण्डको विस्तृत परियोजना प्रतिवेदन (डीपीआर) तयार भइसकेको छ।

सडक डिभिजन कार्यालय जुम्लाका सूचना अधिकारी इन्जिनियर प्रदीप नारायण चौधरीका अनुसार सडकलाई विभिन्न खण्डमा विभाजन गरी निर्माण प्रक्रिया अघि बढाइएको छ।

# शिवपुरी-नागार्जुन राष्ट्रिय निकुञ्जमा ई-टिकेटिङ सेवाको परीक्षण

**युग संवाददाता**
**काठमाडौँ, ३ साउन ।**

सबै सरकारी सेवाहरू डिजिटलमैत्री बनाउने सरकारको लक्ष्यअनुसार शिवपुरी-नागार्जुन राष्ट्रिय निकुञ्जमा ई-टिकेटिङ सेवाको सफल परीक्षण गरिएको छ।

कृषि, वन तथा पर्यावरण मन्त्रालयको पहलमा निकुञ्जमा पर्यटक प्रवेश व्यवस्थालाई प्रविधिमैत्री, सहज र पारदर्शी बनाउने उद्देश्यका साथ आज ई-टिकेटिङ सेवाको सफल परीक्षण सुरु गरिएको हो। परीक्षण सफल भएपछि आगामी हप्तादेखि पानीमुहान र नागार्जुन प्रवेशद्वारबाट औपचारिक रूपमा ई-टिकेटिङ सेवा सञ्चालन गरिने निकुञ्जले जनाएको छ। उक्त कार्यक्रमलाई चरणबद्ध रूपमा विस्तार गर्दै मन्त्रालयको सहयोगमा आवश्यक पूर्वाधार, जस्तै कम्प्युटर, थर्मल प्रिन्टर, क्युआर स्क्यानरलगायतका उपकरण उपलब्ध गराइनेछ। विद्युत् तथा इन्टरनेट सुविधा पुगेका अन्य प्रवेशद्वार र चेकपोष्टहरूमा समेत ई-टिकेटिङ सेवा क्रमशः विस्तार गरिने योजना रहेको छ।

मन्त्री गीता चौधरीका अनुसार मन्त्रालयले आगामी छ महिनाभित्र देशभरका सबै राष्ट्रिय निकुञ्ज तथा आरक्षहरूमा ई-टिकेटिङ सेवा सञ्चालनमा ल्याउने लक्ष्य लिएको छ। उक्त प्रणाली लागू भएपछि पर्यटक प्रवेश प्रक्रिया थप छिटो, पारदर्शी र व्यवस्थित हुने, राजस्व व्यवस्थापन प्रभावकारी बन्ने तथा सेवाग्राहीलाई सहज सेवा उपलब्ध हुने मन्त्री चौधरीले बताए।

## सुर्खेतमा...

कमी रहेको उनले बताए। 'आत्महत्या/लागूऔषध सम्बन्धी कार्ययोजना बनाई जनसचेतनात्मक कार्यक्रम, नागरिक सुनुवाई, पीडितसँग पुनः भेटघाट, बाल मैत्री कक्षको निर्माण/व्यवस्थापन, लागूऔषध कारोवार र सेवन हुने स्थानको पचिान गरी स्वीप अपरेसन, लागुऔषध सेवनकर्ताको पहिचानमा लागुऔषध परीक्षण किटका माध्यमबाट अपराध नियन्त्रय गर्ने प्रयास प्रहरीले गरिरहेको छ,' पोखरेलले भने।

## 'मेसिन' मर्मत...

व्यक्त गर्दै उनले रेडियोथेरापी सेवा अवरुद्ध हुँदा बिरामीले भोग्नुपरेको समस्याबारे मन्त्रालयलाई जानकारी गराइसकिएको बताए।

अस्पतालका सूचना अधिकारी डा. प्रविण गुप्ताका अनुसार मेसिन मर्मतका लागि आवश्यक प्राविधिक पठाइदिन मन्त्रालयसँग आग्रह गरिएको छ। उनले मन्त्रालयसँग रेडियोलोजी विभागका प्राविधिक जनशक्तिको समेत माग गरिएको र सकेसम्म छिटो सेवा पुनः सञ्चालन गर्ने प्रयास भइरहेको छ। अस्पतालमा २०७९ पुसमा ल्याइएको उक्त लिन्याक मेसिन खरिदसम्बन्धी विवादका कारण जडान भएको तीन महिनापछि मात्रै सञ्चालनमा आएको थियो। तत्कालीन निर्देशक डा प्रकाशप्रसाद साहले भुक्तानीको आश्वासन दिएपछि सप्लायर्सले प्राविधिक पठाएर मेसिन सञ्चालनमा ल्याएको अस्पताल जनाइएको छ।

तत्कालीन निर्देशक डा निरज भट्टराईको कार्यकालमा मन्त्रालयको आग्रहमा गठित छानबिन समितिले खरिद सम्झौता र भन्सार कागजातमा एचएस कोड तथा कन्ट्री अफ ओरिजिन फरक परेको स्वीकार गरेको थियो। समितिले मेसिनको गुणस्तर सञ्चालनपछि मात्रै मूल्याङ्कन गर्न सकिने उल्लेख गर्दै प्रतिवेदन मन्त्रालयमा बुझाएको थियो।

सोही प्रतिवेदनका आधारमा मेसिन सञ्चालनमा आए पनि एचएस कोड र कन्ट्री अफ ओरिजिनसम्बन्धी विषयमा मन्त्रालयबाट निर्णय नहुँदा बाँकी भुक्तानी रोकिएको अस्पताल प्रशासनले जनाएको छ।अस्पतालका अनुसार रु. २७ करोडभन्दा बढी मूल्यमा खरिद सम्झौता भएको उक्त मेसिनको ६० प्रतिशत रकम भुक्तानी भइसकेको छ भने आठ लाख छ हजार अमेरिकी डलर भुक्तानी गर्न बाँकी छ।

# रास्कोट सडक कालोपत्र पाँच वर्षदेखि अधुरो

**युग संवाददाता**
**कालीकोट, ३ साउन ।**

रास्कोट नगरपालिकाको मुख्य सडक कालोपत्र नहुँदा यात्रु र स्थानीयले आवागमनमा ठूलो सास्ती भोग्नुपरेको छ। कर्णाली प्रदेश सरकारको लगानीमा नगरपालिका भित्रको शान्तीघाट-सिपखाना सडकअन्तर्गत शान्तीघाटदेखि बडिमालिकासम्मको साढे ११ किलोमिटर सडक कालोपत्र गर्न २०७८ असार ६ गते ठेक्का सम्झौता भएको थियो।



ठेक्का सम्झौता भएको पाँच वर्ष बितिसक्दा पनि निर्माण सम्पन्न नभई सडक अलपत्र अवस्थामा छाडिएको छ। दुई पटक शिलान्यास भएको सडक निर्माण कम्पनीले अधुरै अवस्थामा छाडेको स्थानीयको गुनासो छ।

अग्रिम भुक्तानी (पेस्की) बापत ४ करोड ४० लाख रुपैयाँ लिएर निर्माण कम्पनीले काम अलपत्र छाडेको पूर्वाधार विकास कार्यालय कालीकोटले जनाएको छ। कार्यालयका इन्जिनियर कृष्णप्रसाद शर्माले ठेक्का सम्झौता भएको पाँच वर्षमा जम्मा ५२ प्रतिशत मात्र काम सम्पन्न भएको बताए। कार्यालयले निर्माण कम्पनीलाई पटक-पटक पत्राचार गरी काम अघि बढाउन निर्देशन दिए पनि प्रगति नभएपछि अग्रिम भुक्तानीको जमानतबापत २ करोड २० लाख रुपैयाँ जफत गरिएको उनले जानकारी दिए।

३८ करोड ४९ लाख ५७ हजार ७७६ रुपैयाँ १६ पैसाको लागत अनुमान रहेको उक्त आयोजना निर्माण कम्पनी के.एस. शनिदेव जेभी, महेन्द्रनगरले भ्याटसहित २५ करोड ५५ लाख ५१२ रुपैयाँ ४२ पैसामा ठेक्का लिएर २०७८ असार ६ गते पूर्वाधार विकास कार्यालय कालीकोटसँग सम्झौता गरेको थियो।

राम्रो सडकमा सहज यात्रा गर्न पाइने आशा विस्तारै हराउँदै गएको रास्कोटका विशाल धमलाले बताए। अहिले सडकमा धुलो मात्र उड्ने गरेको र कालोपत्र सडकमा यात्रा गर्ने स्थानीयको सपना अझै पूरा नभएको उनको गुनासो छ।

रास्कोट नगरपालिकाका प्रमुख धर्मराज शाहीले निर्माण कम्पनीका मुख्य प्रतिनिधि देविदत्त भट्टालाई फोन तथा पत्रमार्फत पटक-पटक काम तत्काल सुरु गर्न निर्देशन दिएको बताए। उनले रास्कोटको विकासमा निर्माण कम्पनी बाधक बनेको उल्लेख गर्दै सबै उपकरण निर्माणस्थलमा पठाएर शीघ्र काम अघि बढाउन सार्वजनिक अपिलसमेत गरेका छन्।

निर्माण कम्पनी के.एस. शनिदेव जेभीका मुख्य प्रतिनिधि देविदत्त भट्टले हालसम्म काम सुरु गर्न नसक्नु आफ्नो कमजोरी भएको स्वीकार गरे। उनले देशको परिस्थिति, लकडाउन र बजेट अभावका कारण पटक-पटक काम प्रभावित भएको बताए। साथै, पूर्वाधार विकास कार्यालयले अग्रिम भुक्तानीको जमानत जफत गरेपछि थप समस्या सिर्जना भएको उनको भनाइ छ।

उनले आफूले केही काम पेटी ठेक्कामार्फत गराउँदा पनि समस्या आएको उल्लेख गर्दै अब तत्काल काम सुरु गरी निर्धारित समयभित्र सम्पन्न गर्ने प्रतिबद्धता जनाए।

पूर्वाधार विकास कार्यालय कालीकोटका प्रमुख प्रभाकरप्रसाद सिंहले अग्रिम भुक्तानीबापतको २ करोड २० लाख रुपैयाँ जफत गरिएको पुष्टि गर्दै निर्माण कम्पनीले जुनसुकै अवस्थामा पनि सम्झौताअनुसार काम सम्पन्न गर्नुपर्ने बताए।

# सिँजामा एक करोडभन्दा बढी अनियमितता

**युग संवाददाता**
**जुम्ला, ३ साउन ।**

जुम्लाको सिँजा गाउँपालिकामा महालेखा परीक्षकको आर्थिक वर्ष २०८१/८२ को प्रतिवेदनले वित्तीय अनुशासन र सार्वजनिक खर्च व्यवस्थापनमा गम्भीर प्रश्न उठाएको छ। प्रतिवेदन अनुसार गाउँपालिकामा एक करोड एक लाख ५९ हजार ८६२ रुपियाँ अनियमितता भएको देखिएको छ। यसै गरी २७ लाख ३२ हजार ९२१ रुपियाँ असुल गर्नुपर्ने, २२ लाख ८७ हजार ९९४ रुपियाँ बराबरको खर्चको आवश्यक कागजात पेस नभएको उल्लेख गरिएको छ।

महालेखा परीक्षकको प्रतिवेदनमा उल्लेख भए अनुसार प्रमुख प्रशासकीय अधिकृत टेकबहादुर शाहीबाट ३६ हजार २८० रुपियाँ असुल गरिएको छ। उहाँसहित अन्य कर्मचारी तथा सम्बन्धित व्यक्तिबाट गरी कुल ८७ हजार २९० रुपियाँ असुल भई राजस्व दाखिला गरिएको प्रतिवेदनमा जनाइएको छ। महालेखाले औँल्याएका बेरुजु तथा असुल गर्नुपर्ने रकममध्ये यो रकम सम्बन्धित पक्षबाट फिर्ता गरिएको उल्लेख छ।

प्रतिवेदनले गाउँपालिकाको आतिथ्य तथा प्रशासनिक खर्चमा पनि प्रश्न उठाएको छ। विभिन्न मितिमा कर्मचारी तथा जनप्रतिनिधिले खाना, नास्ता र बास बसेबापत तीन लाख ९९ हजार रुपियाँ होटेल दौतरी एन्ड रेस्टुरेन्ट प्रालिका नाममा खर्च गरेको विवरण भेटिएको छ।

यस्तै गाउँपालिका अध्यक्षको सरकारी निवासमा आएका अतिथिका लागि खाना खर्च शीर्षकमा ५४ हजार रुपियाँ खर्च गरिएको उल्लेख छ। यस्ता खर्च आवश्यक मापदण्ड, औचित्य र खर्च नियन्त्रणको दृष्टिकोणबाट परीक्षण गर्नुपर्ने महालेखाको सङ्केत छ। यसै गरी केदारनाथ महोत्सव सञ्चालनका क्रममा चार लाख ४५ हजार ९६६ रुपियाँ अनियमित खर्च भएको प्रतिवेदनमा उल्लेख छ।

महोत्सवसँग सम्बन्धित खर्चको पुष्टि हुने पर्याप्त कागजात र प्रक्रिया पूरा नभएकाले उक्त रकमलाई अनियमिततामा समावेश गरिएको जनाइएको छ। महालेखाले अध्यक्षको सवारी भाडा, खाना तथा विविध खर्च, स्वयंसेवक शिक्षकलाई तलब भुक्तानी, सोझै खरिद, घरभाडा भुक्तानीलगायत विभिन्न शीर्षकमा गरिएको खर्चमा पनि कैफियत औँल्याएको छ। यी शीर्षकमा मात्रै ६६ लाख सात हजार २३३ रुपियाँ अनियमितता भएको प्रतिवेदनमा उल्लेख गरिएको छ।

सार्वजनिक खरिद ऐन तथा आर्थिक कार्यविधिसम्बन्धी प्रचलित कानुनी व्यवस्था पालना नगरी खर्च गरिएको, आवश्यक प्रमाण कागजात अपुग रहेको वा खर्च पुष्टि हुन नसकेको अवस्थालाई महालेखाले अनियमितताका रूपमा उल्लेख गरेको हो। यस्तै गाउँपालिकाले न्यु जिपी ट्रेडर्सबाट तीन लाख ३२ हजार ६४० रुपियाँ बराबरका सामग्री खरिद गरेको पनि प्रतिवेदनमा उल्लेख छ। ती सामग्री सम्बन्धित व्यक्तिलाई वितरण गरिएको पुष्टि गर्ने भर्पाई तथा कागजात पेस नभएकाले उक्त रकम असुल गर्नुपर्ने महालेखा परीक्षकले जनाएको छ।

# जघन्य अपराधको चिन्ताजनक अवस्था

**युग संवाददाता**
**सल्यान, ३ साउन ।**

सल्यानमा असार महिनाभर आत्महत्या, सवारी दुर्घटना, जघन्य अपराध तथा ट्राफिक नियम उल्लङ्घनका घटनाले चिन्ताजनक अवस्था देखाएको छ। जिल्ला प्रहरी कार्यालय सल्यानको मासिक विवरणअनुसार एक महिनामा नौ जनाले आत्महत्या गरेका छन् । १० वटा सवारी दुर्घटनामा तीन जनाको मृत्यु र १० जना घाइते भएका छन् ।

यस अवधिमा विभिन्न प्रकृतिका २१ वटा मुद्दा दर्ता हुनुका साथै २८ जना पक्राउ परेका छन् । जिल्ला प्रहरी कार्यालय सल्यानका सूचना अधिकारी प्रहरी निरीक्षक देवराज भट्टराईले असार महिनामा दर्ता भएका २१ मुद्दामध्ये छ वटा जघन्य तथा गम्भीर अपराध, एउटा आर्थिक अपराध, दुई वटा सामाजिक अपराध तथा १२ वटा अन्य प्रकृतिका मुद्दा रहेको बताउनुभयो । सोही अवधिमा अघिल्लो महिनादेखिका समेत गरी २६ वटा मुद्दा फछ्र्यौट गरिएको छ ।




### आत्महत्या सामाजिक चुनौती

प्रहरीको तथ्याङ्क अनुसार असार महिनामा झुन्डिएर सात जना र विष सेवनबाट दुई जनाले आत्महत्या गरेका छन् । एक महिनामा नौ जनाले ज्यान गुमाउनु जिल्लाका लागि गम्भीर सामाजिक तथा मानसिक स्वास्थ्यसँग जोडिएको चुनौतीका रूपमा देखिएको छ ।

मानसिक तनाव, पारिवारिक विवाद, आर्थिक समस्या, वैदेशिक रोजगारीको चुनौती, लागुऔषध दुर्व्यसन लगायतका कारण आत्महत्याका घटना बढ्न सक्ने भएकाले समुदायस्तरमै मनोसामाजिक परामर्श, सचेतना र समयमै सहयोगको आवश्यकता रहेको सरोकारवालाहरू बताउँछन् । जिल्लामा विभिन्न तहबाट आत्महत्या रोकथामका लागि सचेतनाका प्रयासहरु सञ्चालन भएता पनि घटनामा कमि आउन सकेको छैन ।

### दुर्घटनाको अवस्था चिन्ताजनक

असार महिनाभर जिल्लाको विभिन्न स्थानमा भएका १० वटा सवारी दुर्घटनामा तीन जनाको मृत्यु भएको छ । १० जना घाइते भएको जिल्ला प्रहरी कार्यालयले जनाएको छ । यस अवधिमा प्रहरीले ट्राफिक नियम उल्लङ्घन गर्ने ४५५ वटा सवारी साधनमाथि कारबाही गरेको जनाएको छ । उक्त कारबाहीबाट चार लाख ५०० रुपियाँ राजस्व संकलन भएको छ । नियमित चेकजाँच, सवारी परीक्षण र चालकलाई सचेत गराउने अभियानलाई निरन्तरता दिइएको प्रहरीले जनाएको छ ।

### फरार प्रतिवादी पक्राउमा सक्रियता

असार महिनामा विभिन्न मुद्दाका २८ जनालाई पक्राउ गरिएको प्रहरीले जनाएको छ । साथै अदालतबाट फैसला भई फरार रहेका ११ जना प्रतिवादीलाई पक्राउ गरी छ वर्ष एक महिना कैद सजाय कार्यान्वयन गरिनुका साथै ९७ हजार ६०० रुपियाँ जरिवाना असुल गरिएको प्रहरी निरीक्षक भट्टराईले जानकारी दिए ।

असार महिनामा भएका जबर जस्ती करणी तथा जबरजस्ती करणी उद्योगसम्बन्धी घटनाका आरोपितलाई पक्राउ गरी कानुनी प्रक्रिया अघि बढाइएको पनि प्रहरीले जनाएको छ । एउटा घटनामा प्रतिवादीलाई पुर्पक्षका लागि कारागार पठाइएको छ भने अर्को घटनामा थप अनुसन्धान जारी रहेको प्रहरीको भनाइ छ ।

### हराएका सबै फेला

प्रहरीका अनुसार असार महिनामा हराएका १० जनालाई सकुशल फेला पारिएको छ । यस्तै, घरेलु हिंसासम्बन्धी तीनवटै उजुरी मिलापत्रमार्फत टुङ्ग्याइएको छ । समुदायमा विवाद समाधान तथा मेलमिलापलाई प्राथमिकता दिइएको प्रहरीले जनाएको छ ।

प्राकृतिक स्रोत संरक्षण अभियान अन्तर्गत प्रहरीले अवैध रूपमा काटिएको सल्लाको काठ बरामद गरी आवश्यक कानुनी कारबाही अघि बढाएको जनाएको छ । नदीजन्य पदार्थको अवैध उत्खननमा प्रयोग भएका सवारी साधन नियन्त्रणमा लिइएको पनि प्रहरीले जनाएको छ ।

## घुयँत्रो



हैन ! माओवादिहरु काँग्रेससीत सरकार बनाउन्नम भन्दै हिँड्याछन त कतै वलि बाले माओवादिहरुलाई ब्या गरेर भित्र्याउने त भएनन । के भन्न सकिन्छ र प्रचण्ड भन्ने मान्छे छेपारालेझैं रङ्ग फेरेर नअघाउने र वलि भन्ने जिनिस बतुराएर होसै नपाउने भएछि कतै रातारात एकपो भैसकेकि के था भो र !? केही न केही नभई त माओवादिका नेताहरले काँग्रेससीत मिलेर सरकार बनाउन्नम् भनेर किन भन्थे र? कि ऐले काँग्रेस भन्या कोहो भन्ने ठेगानै नभा हुनाले कोसित गठबन्धन गरेर सरकार बनाउने तनि भनेर यसो भन्यानि हुन सक्छ । हुनपनि माओवादिका साख्खै बा भनेका शेर बहादुर देउबा हुन उनी सिङ्गापुरतिर ओखति गर्न गा मान्छे उतै शओखति गर्या गर्यैछन ।फिर्ता आउने ठेगानै छैन । अनि गगनसित गठबन्धन गरेर सरकार बनाम् भने गगन उईल्यैदेखि गठबन्धनको बिरोधि छ । गठबन्धनको प्रस्ताब लेर जाम भने उल्टै झपारेर पठाउने हुन कि भन्ने लाग्यो त्यै भएर मनओवादिका नेताहरु ऐले दोबाटाँ पुगेर बाटो बिराउनला बटुवा जस्तो भा छ्न । कुनबाटो जाम कुन बाटो । त्यसो त नारानकाजि र शक्ति बस्नेतले कनर्यकर्तालाई सरकार बनाउन हतार नगर भन्या आफ्ना नेता ( प्रचण्ड ) विदेशाट फर्केर आछैनन त्यसैले नेता नआई सरकार कोसित गराउने भन्ने कुराँ हतार नगरम् भनेर भन्या नि हुन सक्छ अथवा साँच्चिकै प्रचण्डबाट ग्रिन सिग्नल आएरै काँग्रेससीत मिलेर सरकार नबनाउने भन्यानि हुन सक्छ । अर्को कुरा एमालेसित एकिकरणको कुरा चलिरा बेला यै प्रदेश सरकार बनाउने कुराको पासो वलितिर फालेर नि त वलिलाई अपठेराँ पारेर दुई कमिनिष्ट एक हुन नि त सक्छन नि । अब पाटि एकीकरण नभई र गठबन्धन नगरि पुराना दलले चुनाब जित्ने संकेत कतै देखिन्न । फागुनको चुनाबाँ जनताले भा जति सप्पै भोट रास्वपालाई दे । पुराना दलका नेताजति सडकाँ निन्न्याउरो मुख लाएर हिँड्याछन । अनि रास्वपाका नेता कार्यकर्ताजति सत्ताको उन्मादमा जनताको टाउका टाउकाँ टेक्दै हिँड्या देख्दानि पुराना दलका नेता र कार्यकर्तालाई दिक्क त लाग्दोनि बिचरा आँखिर नेताले गतिलरि देश चलाइद्याभा आजयो यो दुर्दशा किन व्यहोर्नु पर्थ्यो र भन्ने त भा होलानि हैन र ? के गर्ने हिजोका दिनाँ जनताको अपमान नगर्या भा ऐले त्यो भख्खर जन्म्या पाटिले ७५ बर्ष पुरानो पाटिको यो दुरदसा बनाउँदो हो ? त्यसैले राजनीति भन्या उर्लँदो भेल हो यसले मौका पर्या बेलाँ किनारानि लाउँछ डुबाएरनि सिध्याउँछ भन्ने कुराको हेक्का राख्यो भने दुख पाईन्न हैन भने कुकुरले नपाउने दुख पाईँदो रैछ । हनमिले देखि त हालिम त हैन र ? काँग्रेसका देउबाको के हाल भैराछ बिचरा ओखति गराउन गाका मान्छे फर्केर आफ्नो देश आउन सक्या छैनन । अनि वलि ,वलिको त झन के कुरा गर्नु , सत्ता गुमाएबाटै बतुराएका बतुराई छन । झन अदालतले छोडदे पछि त झन सारा ब्रह्माण्ड नै जितेसरि आँफुलाई नङ्ग्याउँदै गा छन । धन्न कुन दिन फेरि पाटि अध्यक्षलाई सरकारी मेहमान बनाउँछन । अनि तिनका प्रदेश सरकार बनाउन गर्या मेरा गोरुका बाह्रै टक्काका सपना कसरी लथालिङ्ग हुन्छन त्यै बेला था होला ? ऐले प्रदेशाँ रास्वपाका सांसद नभएर चुरीफुरी गर्याछौ १ पछि हुने चुनाबाँ तिमरको बिउनै नभेटिने गरि प्रदेश कब्जा गर्देछि तिमरको त्यै शेखि पनि झर्छ अनि बल्ल था होला । त्यसैले पुराना दलहरु आपसाँ झगडा नगरी कन मिलि खाओ के ! कमसे कम रास्वपालाई नि लागोस के शत्रुहरु मिले अब हामिनि होस गरेर हिँडनु पर्छ भनेर सोचुन । त्यसैले तिमरको बुध्दि छ भने तिनै दल मिलेर कुन प्रदेशाँ कुन पाटिको मुख्यमन्त्री हुने, तय गर अनि समस्याको समाधान खोज । सामाजिक सन्जालभरि रुवाबासी नगर । चेतना भया !

# तुलसीपुर उपमहानगरमा १५ किलोमिटर सडक कालोपत्र



**युग संवाददाता**
**दाङ, ३ साउन ।**

तुलसीपुर उपमहानगरपालिकाले गत आर्थिक वर्षमा १५ किलोमिटर सडक कालोपत्र गरेको छ। उपमहानगरपालिका कार्यालयका अनुसार वडा नं ४ रक्षाचौरको चारबाटो चोकदेखि एक्लेवरसम्म दुई किलोमिटर, बाससोतादेखि मटेरासम्म ५५९ मिटर र राप्ती राजमार्गदेखि पिलीबोटसम्म दुई किलोमिटरसहित सडक कालोपत्र गरिएको हो ।

त्यसैगरी, नौ हजार ९५८ मिटर पक्की नाला, तीनवटा वडा कार्यालय भवन, एउटा स्वास्थ्य चौकी भवनको तला थप, एउटा माध्यमिक विद्यालयको आठकोठे र अर्को एउटा प्राथमिक विद्यालयको दुईकोठे भवन निर्माण भएको छ । गत आवमा नै व्यवस्थित हाटबजारस्थल निर्माण र रातामाटा सिँचाइ कुलो निर्माण भएको छ ।

बर्डफ्लुजन्य जोखिमबाट सुरक्षित बनौं

- कुखुरा तथा पन्छीपालनमा सुरक्षा तथा सावधानीका उपाय अपनाऔं,
- अस्वस्थ वा मरेका पन्छीको सम्पर्कबाट टाढा रहौं,
- पन्छी छोएपछि साबुनपानीले राम्रोसँग हात धुने बानी बसालौं,
- कुखुरा तथा अण्डा राम्ररी पकाएर मात्र खाने गरौं,
- पन्छीपालन क्षेत्र र वरपरको वातावरण सफा राखौं,
- शंकास्पद लक्षण देखिए वा पन्छी मरेमा सम्बन्धित निकायलाई जानकारी गराऔं,
- पन्छीको अवैध ओसारपसार र बिक्री वितरण रोक्न सहयोग गरौं,
- स्वास्थ्य सुरक्षाका उपाय अपनाई रोगको जोखिम घटाऔं ।

सावधानी अपनाऔं, बर्डफ्लुको जोखिम घटाऔं

नेपाल सरकार
विज्ञापन बोर्ड

९० दिनमै अंग्रेजी भाषा बोल्न र लेख्न ग्यारेन्टीका साथै कम्प्यूटर

हाम्रा विशेषताहरू
- अंग्रेजी भाषा सिकेपछि अंग्रेजी विषयमा 99% मद्दत गर्ने, कक्षा ६ देखि डिग्री (Degree) सम्मको अंग्रेजी ट्युशन लिन नपर्ने साथै Grammar मा पूर्णरुपमा सहयोग गर्ने र सम्पूर्ण Free Writing मा सहयोग गर्ने ।
- विद्यार्थीको क्षमताको आधारमा कक्षा सञ्चालन हुने, पहिलो दिन मात्र नेपाली बोल्न पाइने दोस्रो दिनबाट अंग्रेजी बोल्न सिकाइने र साधारण बोल्न र लेख्न ८ दिनमै सकिने ।
- प्रत्येक दिन २ जनाको बीचमा १ घण्टा लेख्ने र १ घण्टा बोल्ने व्यवस्था गरिने ।
- हप्तामा १ पटक परिक्षा हुने र 90 दिनसम्म विद्यार्थी असफल भएमा नि:शुल्क सिकाइने ।
- Audio and Video class and Projector को व्यबस्था भएको साथै विदेशीसँग कुराकानीको व्यबस्था मिलाइने ।
- Basic, Advance and Diploma पास भइसकेपछि Boarding School, INGO, NGO र अन्य अफिस मा जागिर पाउन सजिलो ।
- अंग्रेजी भाषा सिकेपछि मेजर अंग्रेजी (Major English) र विज्ञान विषयलाइ सहयोग गर्ने ।
- अंग्रेजी भाषा सिकाउने शिक्षक २०६१ सालबाट पढाएको अनुभव प्राप्त साथै आफ्नै किताबबाट सिकाइने र सी.सी. क्यामराबाट निगरानी गरिने ।
- साथै कम्प्यूटरका सबै कक्षाहरु बत्ती नभएको बेला पनि सञ्चालन भइरहेका छन ।

इन्टरनेशनल इंग्लिश लैंग्विज एण्ड कम्प्यूटर इन्ष्टिच्यूट
लक्ष्मीहल अगाडि वीरेन्द्रनगर-६, सुर्खेत । मो: नं ९८४८०७६८५६ (डी.बी. राना)

सामेल एग्रिकल्चर प्रा.लि.
वीरेन्द्रनगर-१२, एरपोटको पश्चिम पट्टि, सुर्खेत
हामी कहाँ विभिन्न किसिमका प्लाष्टिक टनेल, नेचुरल भेन्टिलेट, सेमी हाइटेक, हाइटेक तथा नर्सरीका सामग्रीहरु, कृषि औजार, अर्गानिक मल, कृषिका विविध सेवा परामर्श, टनेल निर्माणका लागि हामीलाई सम्झनुहोस् ।
budhakarna287@gmail.com
थप जानकारीका लागि : ९८५८०७१९०२



पश्चिम नेपालकै सबै भन्दा ठूलो २८X४० साईजको मेसिनबाट छपाई
RARA Printing Pvt.Ltd.
रारा प्रिन्टीङ्ग प्रा.लि.
Kohalpur-11, NTV Road, Banke (कोहलपुर न.पा.-११, NTV रोड, बाँके)



Book & Copy Printing
Packaging Box Printing
Wedding Card Printing
Stamp
Fiber Bag Printing
हाम्रो यहाँ छपाई सम्बन्धी सम्पूर्ण काम गरिन्छ ।
सम्पर्क नं.
९८५८०६०६१५/९८५१४००४२३/९८५१३२९१३९

**युगआव्हान दैनिक**का लागि **प्रकाशक/सम्पादक**: दीपककुमार बुढा क्षेत्री, **कार्यकारी सम्पादक**: ओम बहादुर शाही, **प्रधान कार्यालय**: वीरेन्द्रनगर, सुर्खेत, **कर्पोरेट**: कोहलपुर न.पा.-११, एन.टि.भि. रोड, नेपालगञ्ज, बाँके
**शाखा कार्यालय**: सम्भूमार्ग एयरपोट, काठमाण्डौं, लमही-देउखोरी, दाङ, अतरिया-धनगढी, कैलाली **फोन**: ०८३-५२१६२७/९८५८०५२८१०, ९८५८०५५६२७,९८५८०५५६२८ **मुद्रण**: रारा प्रिन्टीङ्ग प्रा.लि., कोहलपुर, भवानी छापाखाना, सुर्खेत।